# बुढीनन्दा नगरपालिका

## आर्थिक ऐन, २०७९

## बुढीनन्दा नगरपालिकाको आर्थिक ऐन,२०७९

प्रस्तावनाः बुढीनन्दा नगरपालिकाको आर्थिक वर्ष२०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको कर तथा राजस्व प्रशासनको व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानिय सरकार संचालन ऐन,२०७४ बमोजिम बूढीनन्दा नगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुढीनन्दा नगरपालिका आर्थिक ऐन, २०७९" रहेको छ ।
(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि बुढीनन्दा नगरपालिकामा लागू हुनेछ ।

२. **घर करः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: नगरपालिका क्षेत्रभित्रको जग्गामा उपयोगको आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा व्यक्ति वा संस्थालाई दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस(खर), कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वायस्ता प्रकतिका बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** अन्तर सरकारी वित्त व्यवस्थापन(संशोधनसहित) ऐन २०७४ को दफा ५(क) अनुसार प्रदेशले असुली गर्ने सवारी साधन करको दर वाहेकग नगरपालिकाले नगरपालिका क्षेत्रभित्र संचालनमा हुने सवारी साधनकर अनुसूचि (६) बमोजिम लगाइनेछ ।साथै नगरपालिका क्षेत्रभित्र निर्माण गरिएका बाटोमा सवारी साधन संचालन गरे वापत पटके सवारी कर लिईनेछ ।

८. **विज्ञापन करः** अन्तर सरकारी वित्त व्यवस्थापन(संशोधनसहित) ऐन २०७४ को दफा ५(ग) अनुसार विज्ञापन करको दर नगरपालिकाले अनुसूचि (७) बमोजिमको दरमा लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन करः** अन्तर सरकारी वित्त व्यवस्थापन(संशोधनसहित) ऐन २०७४ को दफा ५(घ) अनुसार नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामाकर अनुसूची ८ वमोजिमको दरमा लगाइने र असुल गरिनेछ ।सो बाट संकलन भएको रकमको ४० प्रतिशतले हुने रकम प्रदेश सरकारको संचित कोषमा मासिक रुपमा जम्मा गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको अस्थायी टहरा,छाप्रा,पसल,आवास,हाटबजार,मेला,जात्रार सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल गरिनेछ ।

जनक कुमार बोहरा
नगर प्रमुख

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** अन्तर सरकारी वित्त व्यवस्थापन(संशोधनसहित) ऐन २०७४ को दफा ३(३) अनुसारअनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार उपभोग गरे वापत र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको दरमा सेवा शुल्क लगाइ असुल गरिनेछ।

१३. **पर्यटनशुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२)मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. **प्राकृतिक स्रोत करः** प्रदेस सरकारले तोकिए बमोजिम नगरपालिकाले अनुसूची (१३) अनुसार कर संकलन गर्नेछ र कर संकलनको ४० प्रतिशतले हुन आउने रकम प्रदेश सरकारको संचित कोषमा जम्मा गरिनेछ।

१५. **सामुदायिक बनबाट प्राप्त हुने आयः** स्थानिय सरकार संचालन ऐनको दफा ६२ ख अनुसार सामुदायिक वनबाट वन पैदावार बिक्रि आय संकलन अनुसूची (१४) अनुसार गरिनेछ।

१६. **दण्ड जरिबानाः**अन्तर सरकारी वित्त व्यवस्थापन(संशोधनसहित) ऐन २०७४ को दफा ३(३) अनुसार दण्ड जरिवानाको दर नगरपालिकाले अनुसूची (१५) बमोजिमको दरमा लगाउने उठाउनेछ।

१७. **कर छुटः** (१) यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा भएको प्रावधान बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन । तर कुनै विषम परिस्थिति(आलागी,बाढी,पहिरो,महामारी,सेवा तथा व्यवसाय ठप्प हुने गरी आन्दोलन भएमा) परी प्रमाणित हुने आधारमा नगर कार्यपालिकाले राजश्व प्रामर्स समितिको राय सल्लाह बमोजिम छुट दिन बाधा पर्ने छैन। त्यस्तो छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) ठेक्का प्रक्रियाबाट आन्तरीक आय संकलन गर्दा गराउंदा त्यस्तो ठेक्काको सम्पुर्ण रकम समझौताको बखत एकमुष्ट बुझाएमा १०(दश)प्रतिशत सम्म छुट दिइनेछ।किस्ता बन्दीमा कुनै पनि छुटको सुबिधा दिइनेछैन।

(३)उपदफा (१) बमोजिम कुनै दस्तुर शुल्क र कर आशिंक वा पुर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नगरसभामा पेश गर्नु पर्नेछ।

१८. **बाँधा अटकाउ फुकुवा गर्न सक्नेः** यस ऐन कार्यान्वयनको क्रममा हडताल दैविक प्रकोप वा प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सृजना भएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अडकाउ पर्न गएमा नगरकार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न प्रकृया सरलिकरण गर्न वा कार्यान्ववयनमा देखिएको बाधा अडकाउ फुकाउ गर्न सकिनेछ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्य विधि बनाउन सक्नेः** यस ऐनमा भएको व्यवस्था अनुसार नगरकार्यपालिकाले कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि वा निर्देशीका बनाउन सक्नेछ।

जनक कुमार बोहरा
नगर प्रमुख

## अनुसूची - १

(ऐनकोदफा २ संग सम्बन्धित)

**सम्पत्ती /घर जग्गा कर**

१.पहिलो ५,००,०००। लाख सम्म ०.१०%

२.५,००,०००। लख भन्दा माथी ०.१५%

## अनुसूची - २

(ऐनको दफा ३ संग सम्बन्धित)

**मालपोत (भुमिकर) कर**

क. बजार क्षेत्र – कोल्टी र पाण्डुसैन

| | | |
|---|---|---|
| १. | ५ रोपनी सम्म | रु.५० |
| २. | ५ रोपनी देखि १० रोपनी सम्म प्रति रोपनी थप | रु.१५ |
| ३. | १० रोपनी भन्दा माथी प्रति रोपनी थप | रु २० |

ख. ग्रामिण क्षेत्र- कोल्टी र पाण्डुसैन बाहेक

१. ५ रोपनी सम्म रु २५

२. ५ देखि १० रोपनी सम्म प्रति रोपनी थप रु १०

३. १० देखि २० रोपनी सम्म प्रति रोपनी थप रु १५

४. २० रोपनी भन्दा माथि प्रति रोपनी थप रु २०

## अनुसूची - ३

(ऐनको दफा ४ संग सम्बन्धित)

**घर जग्गा बहाल कर**

यस बुढीनन्दा नगरपालिका क्षेत्र भित्र कुनै व्यक्तिले वा संस्थाले भवन, घर, ग्यारेज, गोदाम आशिक तवरले बहालमा दिएमा व्यक्ति वा संस्था बाट मासिक भाडाको १० प्रतिशत रकम असुल गरिनेछ ।

## अनुसूची - ४

(ऐनकोदफा ५ संग सम्बन्धित)

व्यवसाय कर

नगरपालिकाबाट प्रस्तावित कर,शुल्क,सेवा शुल्क,सिफारीस दस्तुर र भाडाका दर रेट

जनक कुमार बोहरा
नगर प्रमुख

| | | |
|---|---|---|
| | **होटल व्यवसाय** | |
| १ | होटेल एण्ड रेष्टुरेन्ट बजार क्षेत्र | २०००।- |
| २ | होटेल एण्ड रेष्टुरेन्ट ग्रामिण क्षेत्र | ५००।- |
| | **उद्योग एवं फर्म** | |
| १ | सेमेन्ट टायल तथा ब्लक उद्योग | ५००।- |
| | **पशुपालन फर्म** | |
| १ | वाखा | १०००/- |
| २ | गाई | १०००/- |
| ३ | भैंसी | २०००/- |
| ४ | बगुर | २०००/- |
| ५ | मत्स्य पालन व्यवसाय | १०००.- |
| ६ | मौरी पालन व्यवसाय | २००/- |
| ७ | कुखुरा पालन व्यवसाय | २०००।- |
| ८ | दुध दहि ध्यु पनिर विकि गर्ने (डेरी) | १०००/- |
| | **अन्य साना उद्योग** | |
| १ | ग्यारेज | ५०००।- |
| २ | टिउसन, कोचिङ सेन्टर , भाषा पाठशाला, कम्प्युटर ईन्सिच्युट | १०००।- |
| | **चिया तथा कफी पसल तर्फ** | |
| १ | चिया नास्ता पसल | १०००।- |
| | **माछा मासु पसल तर्फ** | |
| १ | माछा मास कटिङ्गबिकी पसल | २०००।- |
| | **फलफूल पसल तर्फ** | |
| १ | फुटकर विक्रेता | ५००।- |
| | **सागसब्जी तथा तरकारी पसल तर्फ** | |
| १ | फुटकर विक्रेता | ५००।- |
| | **आयुर्वेदिक औषधि तर्फ** | |
| १ | आयूर्वेदिक औषधि फुटकर बिक्रेता | १०००।- |
| | **स्वास्थ्य सेवा तथा क्लिनिक** | |

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १ | औषधि पसल | | ३५००।०० |
| २ | औषधि पसल एक्सरे भएको | | ५०००।- |
| ३ | दांत बनाउने निकाल्ने हाल्ने पसल | | ५००।- |
| ४ | एग्रोभेट र पशुपंक्षी औषधी | | १०००।- |
| ५ | साना तथा खुद्रा व्यवसाय | | |
| ६ | सिलाई पसल | | ३०००।- |
| ७ | सिलाई पसल सानो | | ५००।- |
| ८ | व्यूटिपार्लर पसल/कस्मेटिक पसल/खेलौना सजावट पसल | | १०००।- |
| | **मट्टितेल-पेट्रोल डिजल पम्प तथा अन्य व्यवसाय** | | |
| १ | पेट्रोल पम्प / डिजल पम्प / मट्टितेल पम्प | | ५०००।- |
| २ | किराना पसल थोक विक्रेता | | १५००।- |
| ३ | किराना पसल फुटकर विक्रेता ठुलो/ सानो | | १०००/५००।- |
| ४ | खुद्रा मदिरा विक्री पसल | | ३०००/- |
| ५ | मदिरा डिलर | | १००००/- |
| ६ | हार्डवेयर तथा निर्माण सामाग्री पसल | | ५०००/- |
| | **इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान मर्मत पसल** | | |
| १ | इलोक्ट्रोनिक्स र इलेक्ट्रीकल सामान विक्री तथा मर्मत पसल | | १५००।- |
| | **अन्य व्यवसाय तर्फ** | | |
| १ | फेन्सी तथा सु - सेन्टर | | १५००।- |
| २ | टेन्ट हाउस, वेन्डवाजा, डि.जे. साउन्ड | | १०००।- |
| ३ | छापाखाना | | २०००।- |
| ४ | स्टेशनरी तथा पुस्तक पसल | | २०००।- |
| ५ | ट्रान्सपोर्ट ढुवानी सेवा | | १०००।- |
| ६ | ठेक्कापट्टा सम्बन्धि व्यवसाय | | ५०००/- |
| ७ | निर्माण व्यवसाय सुचिकृत | | २०००/- |
| ८ | अन्य फर्म सुचिकृत | | १०००/- |
| ९ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी | | ५०००।- |

जनक कुमार बोहरा
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १० | पेटिङ्ग आर्ट पसल | | ५००।- |
| ११ | जिप टिकट बुकिङ्ग काउण्टर | | २०००।- |
| १२ | सुनचादी व्यवसाय | | २०००।- |
| | **उद्योग, कारखाना तथा विक्रि कक्ष समेत** | | |
| १ | पाउरोटी, चकलेट, चाउमिन, नमकिन उद्योग | | १०००।- |
| २ | फर्निचर उद्योग काठ | | २०००।- |
| ३ | फर्निचर उद्योग स्टील | | १०००।- |
| ४ | कुटानी पिसानी मिल | | १०००।- |
| ५ | ह्याचरी उद्योग/ सो सम्बन्धि | | १०००।- |
| | **विविध** | | |
| १ | कपाल काट्ने पसल | | १०००।- |
| २ | अन्य कुनै व्यवसाय | | ५००।- |

जनक कुमार बोहरा
नगर प्रमुख

अनुसूची- ५

(ऐनकोदफा ६ संग सम्बन्धित)

**जडीबुटी, कवाडी र जिवजन्तु कर यस सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।**

| कवाड सामग्रि | |
|---|---|
| धातुजन्य कवाड | प्रतिकुन्टल रु२००।- |
| कागज तथा प्लास्टिक | प्रतिकुन्टल रु२०।- |
| अन्य | प्रतिकुन्टल रु१०।- |

अनुसूची - ७

(ऐनको दफा ८ संग सम्बन्धित)

**विज्ञापन कर**

**(२) नगरपालिकाले लगाउने विज्ञापन कर**

| क्र.स. | विवरण | इकाई | रकम रु. |
|---|---|---|---|
| १ | ईलेक्ट्रोनिक्स विज्ञापन सामग्री | प्रति वर्ग फिट | ५०/- |

जनक कुमार बोहरा
नगर प्रमुख

जनक कुमार बोहरा
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| २ | होडिङ्गवोर्ड | प्रति वर्ग फिट | ४५/- |
| ३ | डि.पि.स.बोर्ड | प्रति वर्ग फिट | ३५/- |
| ४ | भित्तेलेखन | प्रति वर्ग फिट | २०/- |
| ५ | व्यानर प्रति गोटा | प्रति हप्ता | २०/- |
| ६ | प्रचार प्रसार गर्ने भेन गाडी | प्रति दिन | १५०/- |
| ७ | गेट राख्न कार्यालयबाट स्वीकृत लिएर | प्रति हप्ता | ५००/- |
| ८ | भेन गाडीमा राखेर गरिने माईकिङ्ग व्यवसायिक प्रयोजनका लागि | प्रति दिन | १००/- |
| ९ | सो भन्दा माथि प्रति स्क्वायर फिट | | ५५/- |
| १० | १२ स्क्वायर फि६ सम्म प्रति स्कायर फिट | | ४५/- |
| ११ | २४ स्क्वाष्र फि६ सम्म प्रति स्कायर फिट | | ४५/- |
| १२ | सामन्य व्यानर, पोल व्यानर दस्तुर उपशाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोके अनुसार हुनेछ । | | |

नोट:

(१) कार्यालय औद्योगिक तथा व्यापारी प्रतिष्ठान र कुनै पनि संघ संस्थाले पहिचानका लागि (विज्ञापन प्रयोजन बाहेक राखिने ३ फिट चौडाई देखि ६ फिट लम्बाई नाप भएका बोर्ड र फलेक्स प्रिन्ट र लिड बोर्ड भए १.५ फिट चौडा र ३ फिट लम्बाई नाप भएका बोर्डहरुको विज्ञापन कर लिन पाईनेछैन ।

(२) नगरपालिकाबाट राखिएका सडक सौर्य बत्तीका पोल,बिजुलीका पोल( हाइटेन्सन पोल बाहेक) तथा टेलिफोनको पोल प्रयोग गरि गरिने विज्ञापन समावेश गरिएको छैन ।

कार्यालयको पुर्व स्विकृत लिएर मात्र विज्ञापन सामग्री राख्न पाईने :

पोलमा राखिने विज्ञापनको नाप २×२.५ फिट भन्दा ठ'लो राख्न पाइने छैन ,प्रति पोलमा बढीमा २ वटा सम्म राख्न पाइनेछ । प्रति विज्ञापनको प्रति गोटा वार्षिक रु.५००। का दरले लिइनेछ ।

## अनुसूची - ८

### (ऐनको दफा ९ संग सम्बन्धित)

| क्र.स. | विवरण | दर |
|---|---|---|
| १ | प्रवेश शुल्क लाग्ने मनोरन्जनात्मक व्यवसायिक मिनि मेला व्यवसायसायिक मेला तथा खेलकुदका लागी | प्रति प्रबेश टिकटमा रु ५ |
| २ | नगरपालिका वाट स्विकृत लिई संचालन हुने मनोरन्जानत्मक व्यवसायिक मिनि मेला व्यवसायिक मेला तथा खेलकुद लगायतका लागी न्युनतम ५ दिन समेमका लागी | ३००० |
| ३ | सो भन्दा बढी प्रत्येक दिनका लागी थप | १००० |

जनक कुमार बोहरा
नगर प्रमुख

## अनुसूची - ९

(ऐनको दफा १० संग सम्बन्धित)

**वहाल विरौटी कर**

यस सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची - १०

(ऐनको दफा ११ संग सम्बन्धित)

**पार्किङ्ग शुल्क**

यस सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची – ११

(ऐनकोदफा १२ संग सम्बन्धित)

**सेवा शुल्क दस्तुर**

**(३) सेवा शुल्क सिफारीस दस्तुर**

| क्र.सं | विवरण | रकम रु. |
|---|---|---|
| • | **सिफारिस दस्तुर/प्रमाणित दस्तुर तर्फ** | |
| १ | सामान्य सिफारिस | १००/- |
| २ | नागरिकता सिफारिस | १००/- |
| ३ | अंगिकृत नागरिगता सिफरिस वैवाहिक | १०००/- |
| ४ | नागरिकता प्रतिलिपि सिफारिस दस्तुर | १५०/- |
| ५ | दुवै नाम एकै हो भन्ने सिफारिस | २००/- |
| ६ | नाम थर सच्चाउने सिफारिस | २००/- |
| ७ | अंग्रेजीमा गरिने सबै सिफारिस | ५००/- |
| ८ | नाता प्रमाणीत | २००/- |
| ९ | नाता कायम | २००/- |
| १० | असियार प्रमाणित | २००/- |
| ११ | जग्गाधनि प्रमाण पुर्जा प्रतिलिपि सिफारिस | २००/- |
| १२ | पारिवारीक विवरण | २००/- |
| १३ | वसोवास प्रमाणीत | १००/- |
| १४ | नावालक सिफारिस | १००/- |

जनक कुमार बोहरा
नगर प्रमुख

| | | |
|---|---|---|
| १५ | जन्म मिति प्रमाणीत | २००/- |
| १६ | अविवाहित प्रमाणीत | २००/- |
| १७ | व्यक्तिगत प्रमाणीत | १००/- |
| १८ | चारित्रिक प्रमाणीत | २००/- |
| १९ | आदीवासी जनजाती, दलीत, मधेसि पिछडावर्ग सिफारिस | १००/- |
| २० | व्यक्तिगत घटना दर्ता शुल्क - पंजिकरण विभागले तोके अनुसार | |
| २१ | खानेपानी जडान, नामसारी, ठाउंसारी सिफारीस | ५००/- |
| २२ | विद्युत जडान, नामसारी, ठाउंसारी(घरायसी) | ५००/- |
| २३ | विद्युत जडान, नामसारी, ठाउसारी उद्योग | ५००/- |
| २४ | काठको सिफारिस ठाउसारी | ५००/- |
| २५ | व्यावसाय दर्ता प्रमाण पत्र दस्तुर | ५००/- |
| २६ | व्यवसाय बन्द तथा नाम परिवर्तन | ५००/- |
| २७ | व्यवसाय नामसारी, ठाउंसारी दस्तुर | ५००/- |
| २८ | मदिरा व्यवसाय सिफारिस दस्तुर विर्को खोली वजार क्षेत्र | ५०००/- |
| २९ | मदिरा व्यवसाय सिफारिस दस्तुर विर्को खोली ग्रामिण क्षेत्र | २५००/- |
| ३० | मदिरा व्यवसाय सिफारिस दस्तुर विर्को नखोली वजार क्षेत्र | ५०००/- |
| ३१ | मदिरा व्यवसाय सिफारिस दस्तुर विर्को नखोली खोली ग्रामिण क्षेत्र | २५००/- |
| ३२ | सुर्तीजन्य व्यवसाय सिफारिस | २०००/- |
| ३३ | सर्जमिन दस्तुर | २००/- |
| ३४ | जग्गा नामसारी सिफारीस दस्तुर | ३००/- |
| ३५ | नामसारी सिफारीस दस्तुर (मरुवा सरुवा हकमा) | २००/- |
| ३६ | सरकारी निकायमा दर्ता भएका व्यवसायहरुलाई न.पा मा दर्ता गर्दा व्यवसाय दर्ता प्रमाण पत्र बाफत रु ५००/- र उधोगको हकमा प्रमाण पत्र रु १०००/- | |
| ३७ | मुद्दाको निवेदन दस्तुर | १००/- |
| ३८ | मेलमिलाप दस्तुर | २५०/- |
| | **उद्योग तथा व्यवसाय दर्ताको लागि गरिने सिफारिस दस्तुर** | |
| १ | कुटानी पिसानी मिल | १०००/- |
| २ | सिमेन्ट टायल तथा ब्लक उधोग | २५००/- |
| ३ | डेरी उद्योग | २०००/- |
| ४ | होटल लज रेष्टुरेन्ट | २५००/- |
| ५ | ह्याचरी उद्योग | ३०००/- |
| ६ | दाना उद्योग- सानो (२०००/-), प्लेट दाना उद्योग (३०००/-) | - |

जनक कुमार बोहरा
नगर प्रमुख

| | | |
|---|---|---|
| ७ | पोल्टी फर्म दर्ता | १५००/- |
| ८ | कृषी/पशुपालन फर्म दर्ता | १५००/- |
| ९ | स्टिल भाडा वर्तन तथा फर्निचर उद्योग | २५००/- |
| १० | काठको फर्निचर उद्योग | ३०००/- |
| ११ | इलेक्टोनिक्स एण्ड इलेक्ट्रीकल्स, | १५००/- |
| १२ | पेट्रोल एवं डिजल पम्प समेत (आयल स्टोर) | १००००/- |
| १३ | बिस्कुट/ पाउरोटी/चकलेट/नमकिन/चाउमिन उद्योग | १०००/- |
| १४ | मोटर ग्यारेज- मोटरसाईकल | १०००/- |
| १५ | ट्युसन, कोचिङ सेन्टर, भाषा पाठशाला, कम्पुटर इन्सिटिच्युट | १०००/- |
| १६ | टेन्ट हाउस /डिजे साउण्ड सिस्टम | १०००/- |
| १७ | खोका छाप्रा दर्ता शुल्क | ५००/- |
| १८ | घ बर्गको निर्माण व्यवसायको सेवा शुल्क | |
| | इजाजत पत्र दर्ता शुल्क | १०,०००/- |
| | इजाजत पत्र हकवालाको नाममा नामसारी शुल्क | २,०००/- |
| | इजाजत पत्र हकवाला वाहेकको नाममा नामसारी शुल्क | ५,०००/- |
| | इजाजत पत्र नविकरण शुल्क असोज मसान्त भित्र सम्मको | ६०००/- |
| | इजाजत पत्र नविकरण शुल्क चैत्र मसान्त भित्र सम्मको | ८,०००/- |
| | इजाजत पत्र खारेज शुल्क | २,५००/- |
| | इजाजत पत्र प्रतिलिपी शुल्क | १,०००/- |
| | इजाजत पत्र प्रमाण पत्र दस्तुर | १,०००/- |
| १९ | सुन चादि व्यवसाय दर्ता | २०००/- |
| २० | फैन्सी पसल दर्ता | १०००/- |
| २१ | घर बाटो भए/नभएको प्रमाणित | |
| | वजार क्षेत्र | १०००/- |
| | ग्रामिण क्षेत्र | ५००/- |
| २२ | आय श्रोत प्रमाणित | |
| • | स्वदेश प्रयोजनको हकमा | |
| | १० लाख सम्म | ५००।- |
| | १० लाख देखी २५ लाख सम्म | १०००।- |
| | २५ लाख देखि माथी | १५००।- |
| • | वैदेशिक प्रयोजनको लागि आयस्रोत प्रमाणित | |
| | पहिलो रु १० लाख सम्ममा | १०००/- |
| | पच्चिस लाख सम्म | २५००/- |
| | पच्चिस लाख एक देखि पचास लाख सम्म | ४०००/- |
| | पचास लाख एक देखि पचहत्तर लाख सम्म | ५०००/- |
| | पचहत्तर लाख एक देखि एक करोड सम्म | ६०००/- |

जनक कुमार बोहरा
नगर प्रमुख

| | | |
|---|---|---|
| | एक करोड एक देखि एक करोड पचास लाख सम्म | ८०००/- |
| २३ | घर वहाल कर (प्रति एक सयको बार्षिक) | १० प्रतिशत |
| २४ | चारकिल्ला चौहदी प्रमाणित दस्तुर | ५००/- |
| २५ | **शैक्षिक संस्था तर्फ** | |
| | • सरकारी स्तरका शैक्षिक संस्था | स्वीकृत लिनु पर्ने |
| | • निजि स्तरका शैक्षिक संस्था वार्षिक कर तथा सिफारिस दस्तुर | |
| | अनुमती र कक्षा थपको लागि सिफारिस दस्तुर | १०००/- |
| | आधारभुत तह अनुमति | ७०००/- |
| | मा.वि. तह अनुमति | १०,०००/- |
| | कक्षा १ देखी ५ सम्म वार्षिक कर | ५,०००/- |
| | कक्षा १ देखी ८ सम्म वार्षिक कर | ७,०००/- |
| | कक्षा १ देखी १० सम्म वार्षिक कर | १०,०००/- |
| | कक्षा १ देखी १२ सम्म वार्षिक कर | १५,०००/- |
| | • निजि स्तरका शैक्षिक संस्था स्थानान्तरण | |
| | आधारभुत तह (आउदा) | १००००/- |
| | माध्यमिक तह(आउदा) | १५०००/- |
| | आधारभुत तह (जादा) | ५०००/- |
| | माध्यमिक तह(जादा) | ७०००/- |
| २६ | **बैंक तथा वित्तिय संस्था सिफारिस दस्तुर** | |
| | क श्रेणी | १२०००/- |
| | ख श्रेणी | ८०००/- |
| | ग र घ श्रेणी | ५०००/- |
| | बचत तथा ऋण सहकारी संस्था सिफारिस दस्तुर | १५००/- |
| २७ | सार्वजनिक मठ मन्दिर गुम्वा,मस्जिद,चर्च पाटी पौवाको हकमा सिफारीस दस्तुर | स्वीकृत लिनु पर्ने |
| २८ | **घर नक्शा प्रमाणित सम्बन्धि** | |
| | • नक्सापास प्रमाण पत्र मात्र दस्तुर | ५००/- |
| | • **घर नक्शा प्रमाणित दस्तुर** | |
| | ग्रामिण क्षेत्र प्रति वर्ग फुट | १/- |
| | बजार क्षेत्र प्रति वर्ग फुट | २/- |
| | • निर्माण सम्पन्न प्रमाण पत्र | |
| | जस्ता छानाको घर निर्माणमा | ३००/- |
| | आर .सि. सि .फ्रेम स्टक्चर १००० बर्ग फुट भन्दा कमको निर्माणमा | ५००/- |
| | आर.सि.सि.फ्रेम स्टक्चर १००० बर्ग फुट भन्दा माथिका निर्माणमा | ७००/- |
| | • घर नक्सा पास जरीवाना कार्यपालिकाको निर्णय वमोजिम हुनेछ । | |
| २९ | पशु सेवा शुल्क दूतुर | |
| | गाई/भैसी परिक्षण शुल्क | ३०/- |
| | बाखा परिक्षण शुल्क (प्रति गोटा) | १०/- |
| | कुखुरा परिक्षण शुल्क (प्रति गोटा) | ५/- |
| | कुकुर/बिरालो परिक्षण शुल्क | ५०/- |
| | कृत्रिम गर्भाधान कर्यालयमा गरेको | |
| | गाई/भैसी | १००/- |

जनक कुमार बोहरा
नगर प्रमुख

| | | |
|---|---|---|
| | बाखा | ५०/- |
| | गोबर परीक्षण गरेको | ३०/- |
| | पशु विकास शाखा बाट फिल्डमा गई सेवा दिए वाफतको सेवा शुल्कबाट मध्ये रु. ५०/- गा.पा.लाई दिने जमा गर्ने र बांकी फिल्डमा खटीने कर्मचारीको हुने। | ५००/- |
| ३० | कृषि/पशु/महिला विकास/सामुदायिक वन दर्ता सिफारीस/दर्ता/सुचीकृत | |
| | दर्ता शुल्क | ५००/- |
| | नविकरण शुल्क | ३००/- |
| | सिफारीस दस्तुर | २००/- |

| | | | |
|---|---|---|---|
| ३२ | | पशु चौपाया ओसार पोसार | |
| | | राँगा/भैसी | प्रत्येक १५० |
| | | खसि/बाख्रा | प्रत्येक १०० |
| | | गाई/गोरु | प्रत्येक ५० |

जनक कुमार बोहरा
नगर प्रमुख

नगर प्रमुख